# सामुदायिक वन कार्य योजना

क्रम सं.११६

**जिल्लाः** काठमाण्डौ, लैनचौर **सव डिभिजन,** का.म.**न.पा.** ३/ **सँख्याः**

| |
|---|
| **श्री रानीवारी सामुदायिक वन**<br>**काठमाण्डौं म.न.पा., वडा नं. ३**<br>**काठमाण्डौ** |

**आ.व.:–** २०७६/७७ देखि ०८०/८१ सम्म

## COMMUNITY FORESTRY OPERATIONAL PLAN

**Fiscal Year:** - 2076/77 to 2080/81

**Serial Number: 116**
**District:** Kathmandu/ **Sub Division:** Lainchaur/ **Ka.M.N.Pa. 3/No:**

# सामुदायिक वन कार्ययोजना
# तेश्रो पटक पुनरावलोकन
# २०७७

<u>संक्षिप्त विवरण</u>

**क) समूहको विवरण**

१) संकेत नं. : KAT/PA/18/02
२) समूह दर्ता नं. : ११६
३) दर्ता मिति : २०५७/०९/१०
४) समूहको नाम : श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूह
५) ठेगाना : का.म.न.पा., वडा नं. ३, काठमाण्डौ
६) घरधुरी सदस्य संख्या : ४३
७) जनसंख्या : २२९ जना (पुरुष ११४, महिला ११५)
८) समिति सदस्य संख्या : ११ (महिला ३ र पुरुष ८)

**ख) सामुदायिक वनको विवरण**

१) वनको नाम : रानीबारी सामुदायिक वन
२) वनको ठेगाना : जिल्ला काठमाण्डौ, काठमाण्डौं म.न.पा. वडा नं. ३
३) वनको क्षेत्रफल : ६.९५ हेक्टर
४) वनको किसिम : प्राकृतिक तथा वृक्षारोपण
५) वनमा भएको मूख्य प्रजाति :चिलाउने, खोटेसल्ला, हाडेबयर, फिरफिरे, लप्सी, रिठ्ठा आदी
६) व्लक संख्या : २ (दुई)
७) सा.व. हस्तान्तरण मितिः २०५७/०९/१०
८) कार्य योजना पुनरावलोकन अवधि समाप्त हुने मिति : २०८१/०३/३१

**ग) प्राबिधिक सहयोग :** श्री लैनचौंर सव डिभिजन वन कार्यालय, काठमाण्डौवाट

| | |
|---|---|
| स.व.अ. | श्री रोशना पोखरेल |
| रेन्जर | श्री सोविता दाहाल |
| फरेष्टर | श्री मेनुका पराजुली |
| फरेष्टर | श्री छवि न्यूरे |
| व.र. | श्री टिकादेबी लामिछाने |
| व.र. | श्री बिमला सुबेदी |
| व.र | श्री रामेश्वर सेढाइ |

**<u>सामुदायिक वन समूहको तर्फवाट</u>**
नाम,थर : श्री सन्तोष बिक्रम शाह
पद : अध्यक्ष
ठेगाना : का.म.न.पा.३
दस्तखत : ............................
मिति : २०७७/०३/२५

**<u>डिभिजन वन कार्यालयको तर्फवाट</u>**
नाम,थर : श्री बद्री कुमार कार्की
पद : डिभिजनल बन अधिकृत
ठेगाना : डि.ब.का., काठमाण्डौ
दस्तखत : ..........................
मिति : २०७७/ ०३ /३१

मिति : २०७७/०३ /२२

श्रीमान् डिभिजनल वन अधिकृतज्यू ,
डिभिजन वन कार्यालय, काठमाण्डौं ।

विषय : वन कार्ययोजना स्वीकृत गरी पाउँ ।

महोदय,
वन ऐन, २०७६ र वन नियमावली, २०५१ को अधीनमा रही वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न यस उपभोक्ता समूहलाई हस्तान्तरण गरिएको देहायको वन क्षेत्रको संलग्न कार्ययोजना नविकरण गर्नु हुन यो निवेदन पेश गरेका छौं ।

**१. वनको नाम :** रानीबारी सामुदायिक वन
**२ ठेगाना : का.म.न.पा.**, वडा नं. ३
**(क) चार किल्ला**

- **पूर्व** :- नेपाल प्रहरी महानगरीय शसस्त्र प्रहरी गण नं. २, नेपाल प्रहरी महानगरीय प्रहरी शिक्षालय (तालिम शाखा), नेपाल प्रहरी केनाइन महासाखा र आशरा सुधार केन्द्र (नेपाल प्रहरी श्रीमती संघ)
- **पश्चिम** :- काठमाण्डौं सडक बिस्तार आयोजना अन्तर्गनगत निर्माणधिन सडक, घर बस्ती
- **उत्तर** :- नेपाल प्रहरी केनाइन महासाखा
- **दक्षिण** :- सामाखुसी जाने पक्की सडक

(ख) क्षेत्रफल : ६.९५ हेक्टर

**निवेदक**
श्री रानीबारी सा.व.उ. समूहको तर्फबाट

| क्र.स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री सन्तोष बिक्रम शाह | अध्यक्ष | ......................... |
| २. | श्री प्रकाश शाक्य | उपाध्यक्ष | ......................... |
| ३. | श्री तेज बहादुर श्रेष्ठ | महासचिब | ......................... |
| ४. | श्री अरुण शाक्य | कोषाध्यक्ष | ......................... |

## सिफारिश गर्ने

वन ऐन, २०७६ को दफा (१८) र वन नियमावली, २०५१ को नियम (२७) वमोजिम काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं. ३ स्थित ६.९५ हेक्टर क्षेत्रफल भएको रानीबारी सामुदायिक वनको वन प्राविधिकको सहयोगमा तयार गरिएको ५ वर्षे (आ.व.०७६।७७ देखि ०८०।८१ सम्म) कार्य योजना उक्त वनको संरक्षण, सम्वर्धन र सदुपयोग गर्न स्वीकृतिका लागि सिफारिश सहित पेश गरेको छु ।

**सहायक वन अधिकृत**
नाम : श्री रोशना पोखरेल
दस्तखत :
कार्यालय : लैनचौर सव डिभिजन वन कार्यालय, काठमाण्डौ ।
मिति :२०७७/०३/२३

## चेक गर्ने

स.व.अ. श्री रोशना पोखरेलको सिफारिस साथ पेश गरिएको काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं.३ स्थित ६.९५ हे. क्षेत्रफल भएको रानीबारी सामुदायिक वनको कार्ययोजना अध्ययन गर्दा वन ऐन, २०७६ तथा वन नियमावली, २०५१ को अधिनमा रही तयार भएको देखिएको हुंदा कार्ययोजना स्वीकृतिका लागि पेश गरिएको छ ।

**सहायक वन अधिकृत**
नाम : श्री सन्त कुमार श्रेष्ठ
दस्तखत :
कार्यालय : डिभिजन वन कार्यालय, काठमाण्डौ
मिति : २०७७/०३/२५

## स्वीकृत गर्ने

स.व.अ. श्री रोशना पोखरेलको सिफारिशसाथ पेश हुन आएको काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा नं.३ स्थित रानीबारी सामुदायिक वनको उल्लेखित चार किल्ला र क्षेत्रफल ६.९५ हेक्टर भएको सामुदायिक वनको वन ऐन, २०७६ र वन नियमावली, २०५१ अनुसार संरक्षण, सम्वर्द्धन र सदुपयोग समेत गर्न कार्ययोजना तयार गरी पेश भएकोले स्वीकृत गरेको छु । स्वीकृत कार्ययोजना र विधान विपरित वातावरण तथा पर्यावरणमा हानीनोक्सानी पुग्ने कार्य गरेमा प्रचलित ऐन अनुसार कार्वाही हुनेछ ।

**डिभिजनल वन अधिकृत**
नाम : श्री बद्री कुमार कार्की
दस्तखत :
कार्यालय : डिभिजन वन कार्यालय, काठमाण्डौ
मिति :२०७७/०३/३१

# कवुलियतनामा

लिखितम् वागमती प्रदेश, काठमाण्डौ जिल्ला, का.म.न.पा.,वडा नं. ३ स्थित श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट अख्तियार प्राप्त हामी का.म.न.पा., वडा नं.३ मा पर्ने **पूर्वः** नेपाल प्रहरी, महानगरीय सशस्त्र प्रहरी गण नं.२, नेपाल प्रहरी, महानगरीय प्रहरी शिक्षालय ( तालिम शाखा), नेपाल प्रहरी केनाइन महासाखा र आसरा सुधार केन्द्र (नेपाल प्रहरी श्रीमतीसंघ) **पश्चिमः** काठमाण्डौं सडक बिस्तार आयोजना अर्न्तगत निर्माणाधिन सडक र घर बस्ती, **उत्तरः**: नेपाल प्रहरी केनाइन महासाखा र **दक्षिणः** सामाखुशी जाने पक्की सडक यति चारकिल्ला भित्रको ६.९५ हेक्टर क्षेत्रफल भएको राष्ट्रिय वन, वन ऐन, २०७६ र वन नियमावली, २०५१ को अधिनमा रही यसैसाथ संलग्न स्वीकृत वन कार्ययोजना अनरुप तपसिलका शर्तहरु ब्मोजिम सामुदायिक वनको रुपमा जिम्मा लिई वनको विकास, संरक्षण, व्यवस्थापन तथा सदुपयोग गर्न मन्जुर छौं । कवुलियत बमोजिमको शर्त पालना नगरेमा वन ऐन, २०७६ र वन नियमावली, २०५१ बमोजिम सहुँला बुझाउँला भनी खुशीराजी संग यो कबुलियतिनामा लेखि डिभिजन वन कार्यालय काठमाण्डौ मार्फत नेपाल सरकारमा चढायौं ।

## तपसिल

१. स्वीकृत कार्ययोजनामा उल्लेख भए बाहेक अन्य काम कारबाही गर्ने छैन ।

२. आफूले सामुदायिक वनको रुपमा पाएको वन क्षेत्र लगायत अन्य वन क्षेत्रमा अतिक्रमण वा अन्य कुँनै प्रकारले हानी नोक्सानी गर्ने, गराउने छैन ।

३. समय समयमा डिभिजन वन कार्यालय तथा सब डिभिजन वन कार्यलयले दिएको प्राविधिक सल्लाह र सुझाव अनुरुप कार्य गर्ने छौं ।

४. उपभोक्ता समूहमा भए गरेको कामको अनुँगमन फाराम बमोजम प्राप्त जानकारी समाबेश गरी वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र डिभिजन वन कार्यालयमा पेश गर्ने छौं ।

५. वन उपभोक्ता समूहले कार्ययोजना बमोजिम काम गर्न नसकेमा वा कार्ययोजना विपरीत कार्य गरेमा वातावरणमा उल्लेखनिय प्रतिकूल असर पर्ने कुँनै कार्य गरेको वा ऐन वा नियमावली तथा नेपाल सरकारले तोकेको शर्तहरु पलना नगरेको प्रमाणित हुन आएमा ऐन नियम बमोजिम कारवाही गरेमा हाम्रो मञ्जुरी छ ।

६. सामुदायिक वन भित्र वन विकास कार्य बाहेक अन्य कुनै सार्वजनिक विकास निर्माणका कार्यहरु, जस्तै : सडक, स्कुल, खानेपानी, सिचाई, कुलो आदी सञ्चालन गर्नु पर्दा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी नेपाल सरकारको पूर्व स्वीकृती लिएर मात्र संचालन गरिने छ ।

७. राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण ऐन २०२९ को विपरित हुने गरी कुनै वन्यजन्तु पक्रीने वा मारिने छैन, यदि कोहि कसैले त्यस्तो कार्य गरे, गराएमा कसुरदारलाई पक्राउ गर्न सहयोग गरिने छ ।

८. सामुदायिक वन सम्वन्धि कृयाकलापको स्थलगत निरिक्षणको कार्यमा आउने वन कर्मचारीलाई आवश्यक सहयोग गर्नेछौं ।

९. यो सा.व.हस्तान्तरण हुन पूर्व नेपाल सरकार र अन्य संघसस्था विच सम्झौता भई लागु भई रहेको साविक भोग चलनलाई सो अवधीभर यो हस्तान्तरणले कुनै असर नपर्ने कुरामा सहमत छौं ।

१०. सामुदायिक वनको प्रमाण पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण पत्र लिन रु. २५ (पच्चिस रुपैया) दस्तुर तिर्न मन्जुर छौं ।

११. कार्ययोजना संशोधन गर्दा वातावरणमा उल्लेखनिय प्रतिकुल असर पर्ने गरी गर्ने छैन ।

१२. संरक्षित वन क्षेत्रको रुपमा लिएको सरकारी वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने छ तर यस्को संरक्षण गर्ने दायित्व उपभोक्ता समूहको हुने छ ।

१३ सा.व. विकास, संरक्षण र सम्वर्द्धनको लागि आवशयक प्राविधिक सहयोग डिभिजन वन कार्यालय, सब डिभिजन वन कार्यालय, अन्य सहयोगी सस्था र समूह भित्र रहेका प्राविधिकहरुबाट लिने छौं ।

१४. सामँदायिक वनबाट स्वीकृत कार्ययोजना बमोजिम प्राप्त हुने वन पैदावार मात्र वन उपभोक्ता समूह भित्र समतामुलक (Equity Basis) रुपमा विक्रि वितरण गर्ने छौं ।

१५. सामुदायिक वनमा मुख्य वन पैदावारको घनत्व र उत्पादनमा ह्रास नआउने गरी अन्न वाली वाहेकका लामो समय सम्म एउटै बोटले उत्पादन लिन सकिने खालका बाँस, निगालो, फलफूल र जडिबुटी जस्ता अन्य नगदे वाली मात्र लगाउने छौं ।

१६. वन कार्ययोजनामा उल्लेख भएको बार्षिक रुपमा कटान गर्न सकिने परिमाण भन्दा बढी रुख वा बढी परिमाणको काठ कुनै पनि हालतमा काटने छैन ।

१७. वन कार्ययोजनामा वन सम्वन्धि कार्यहरु सशोधन गर्नं परेको अवस्थामा साधारण सभाको बैठकमा वन प्राविधिकलाई आमन्त्रण गर्ने छौं ।

१८. समूहले वन विकास र सामाजिक विकासका कृयाकलापको आवश्यकता महशुस गरेमा अन्य संघसंस्था सङ्ग समन्वय गरी सहयोग लिन सक्ने छ ।

१९. कुनै किसिमका तालम, गोष्ठी, सेमिनार र भ्रमणमा सहभागि पठाउदा ईच्छुक तथा विषयगत दक्षता भएकालाई सहभागि गराउने छौं ।

२० साधारण तया वन कार्ययोजना तयार भई लागु भएको कम्तीमा २ वर्ष नभई परिमार्जन गरिने छैन । यदि सो अवधि भित्र विशेष परिस्थिती परी कार्ययोजनाको परिमार्जन गर्नं पर्ने भएमा साधारण सभाको २ तिहाई बहुमतबाट पारित गराउनु पर्ने छ ।

२१ वन उपभोक्ता समूहका पदाधिकारीहरुले वन ऐन २०७६, वन नियमावली २०५१ र समूहको विधान, कार्ययोजना विपरित काम कारवाही गरेमा ऐन नियम बमोजिम सजाय भएमा हाम्रो मञ्जुर छ ।

२२ वन ऐनमा उल्लेख भए बमोजिम कार्ययोजना अनुसार प्राप्त भएको आम्दानीको कम्तीमा २५% रकम अनिबार्य रुपमा वनको संरक्षण, विकास र व्यवस्थापनका लागि खर्च गर्ने छौं ।

काठमाण्डौ जिल्ला, का. म. न. पा., वडा नं. ३ स्थित श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूहको तर्फबाट सो समूहका अध्यक्ष श्री सन्तोष बिक्रम शाह

दा. बा..

**साक्षिहरु**

काठमाण्डौ जिल्ला, काठमाण्डौं म.न.पा., वडा नं.३ बस्ने समूह सदस्य श्री राम जी गौंतम

दा. बा.

काठमाण्डौ जिल्ला, काठमाण्डौं म.न.पा.,वडा नं.३ बस्ने समूह सदस्य श्री सन्तोष मर्दन थापा

दा. बा.

काठमाण्डौ जिल्ला, काठमाण्डौं म. न.पा., वडा नं.३ बस्ने समूह सदस्य श्री प्रदीप शाक्य

दा.　　　　　　　　　　　　　बा.

ईति सम्वत् २०७७ साल आसार महिना　गते　रोज शुभम्

# बिषयसूची


| परिच्छेद | बिबरण | पाना नं. |
|---|---|---|
| १ | परिभाषा | १ |
| २ | समूहको परिचय | २-४ |
| ३ | वनको परिचय | ५-८ |
| ४ | वन व्यवस्थापन तथा व्लक विभाजन सम्वन्धि व्यवस्था | ९-१३ |
| ५ | वन सुदपयोग | १४-१८ |
| ६ | जीविकोपार्जन तथा सामाजिक विकास | १९ |
| ७ | वनस्रोत सर्भेक्षण, विश्लेषण तथा वन सिमांकन र नक्सा | २०-२१ |
| ८ | ज्लवायू परिवर्तन  अनुकूलन | २२–२३ |
| ९ | विविध<br>क) वन उधम विकास<br>ख) पर्यापर्यटन विकास | २४-२९ |
| | **अनुसूचीहरु** | |
| | १) वन सिमाना स्टेसनको विवरण | ३० |
| | २) सामुदायिक वनको सर्बे नक्सा | ३२ |
| | ३) वार्षिक प्रतिवेदनको नमुना | ३३ |
| | ४) सामुदायिक बनको बनपैदाबार बिक्रि बितरण रसिद | ३७ |
| | ५) वन पैदावार विक्रि वितरण सम्बन्धी विवरण भर्ने फारम | ३८ |
| | ६) बन पैदाबारको अनुमतिपत्र | ३९ |
| | ७) आम्दानी खर्चको विवरण भर्ने फारम | ४० |
| | ८) वन सम्बर्द्धन कार्यबाट प्राप्त भएको वन पैदावार लगत | ४१ |
| | ९) बन श्रोत सर्बेक्षण | ४२–५० |

# परिच्छेद-१

# परिभाषा

१.१) विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्ययोजनामा,

क) कार्ययोजना भन्नाले : डिभिजन वन कार्यालय काठमाण्डौबाट स्वीकृत गरिएको श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूह, काठमाण्डौ जिल्ला, काठमाण्डौं म.न.पा., वडा ३ को वन कार्ययोजनालाई जनाउने छ ।

ख) ऐन भन्नाले : वन ऐन, २०७६ लाई जनाउने छ ।

ग) नियमावली भन्नाले : वन नियमावली, २०५१ लाई जनाउने छ ।

घ) निर्देशिका भन्नाले : सामुदायिक वनको निर्देशिका, २०५२ लाई जनाउने छ ।

ङ) उपभोक्ता भन्नाले : श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूहको सदस्यलाई जनाउने छ ।

च) समिति भन्नाले : श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूहको सधारण सभाबाट अनुमोदित कार्यकारिणी समितिलाई जनाउने छ ।

छ) समूह भन्नाले : श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूह, लाजिम्पाटलाई जनाउने छ ।

ज) सामुदायिक वन भन्नाले : रानीबारी सामुदायिक वन, लाजिम्पाटको संरक्षण सम्वर्द्धन र सदुपयोग गर्न स्थानिय उपभोक्तालाई हस्तान्तरण गरिएको राष्ट्रिय वनलाई जनाउनेछ ।

झ) विधान भन्नाले : श्री रानीवारी सामुदायिक वन उपभोक्ता समूह, काठमाण्डौ जिल्ला, का.म.न.पा., वडा ३ को डिभिजन वन कार्यालय काठमाण्डौबाट स्वीकृत विधानलाई जनाउने छ ।

ञ) वन भन्नाले : प्राकृतिक वा कृत्रिम रुपमा विकास भएको पूर्ण वा आंशिक रुपमा रुख, विरुवाले ढाकिएको खोला, नाला, नदी, ताल, सिमानामा जोडिएको ऐलानी जग्गा समेतलाई जनाउँछ ।

ट) एक भारी दाउरा भन्नाले : २.५ फिट लम्बाई र ४ फीट डोरी गोलाईको दाउरालाई जनाउने छ ।

ठ) ब्लक भन्नाले : नदी, खोला, गोरेटो बाटो, खोल्सा खोल्सी, डाँडा काँडा र वनको संरचना आदिको आधारमा वन व्यवस्थापनमा सरलिकृत गर्न छुट्टयाएको सामुदायिक वनको खण्डलाई जनाउने छ ।

ड) रुख भन्नाले : छातिको उचाईमा ३० से.मी वा सो भन्दा माथि व्यास भएको रुखलाई जनाउँछ ।

ढ) वल्लावल्ली वा पोल भन्नाले : छातिको उचाईमा १०-२९.९ से.मी. व्यासको पोललाई जनाउँछ ।

ण) लाथ्रा भन्नाले : १ मी. उचाईदेखी माथी १० से.मी. सम्म व्यास भएको लंह्रालाई जनाउँछ ।

त) विरुवा भन्नाले : ३० सेमी देखी १०० से.मी (१ मी.) सम्म उचाई भएको विरुवालाई जनाउँछ ।

थ) वनवालि पाक्ने समय (रोटेशन) भन्नाले : वृक्षारोपण तथा पुनरुत्पादनदेखि हुर्किएर बुढो भई काटने समय पुगेको भन्ने बुझाउँछ ।

द) मुना (कपिस) भन्नाले : रुखको ठुटाबाट पलाएको मुनाहरुलाई जनाउँछ ।

ध) शिकार भन्नाले : अवैध रुपमा वन्यजन्तु, चराचुरुङ्गिहरुलाई पासो थाप्ने, धराप थाप्ने, गोली हान्ने, विष प्रयोग गरी मार्ने कार्यलाई जनाउँछ ।

# परिच्छेद-२

# समूहको परिचय

## २.१) समूहको विवरण

**समूहको नाम** : श्री रानीबारी सामुदायिक वन उपभोक्ता समूह

**ठेगाना** : काठमाण्डौं म.न.पा., वडा नं. ३., काठमाण्डौं जिल्ला

**घरधुरी संख्या :** ४३

**जनसंख्या** : महिला ११५ र पुरुष ११४ जम्मा २२९

## २.२) म्याद सकिएको सामुदायिक वन कार्ययोजनाको समिक्षा

| | सवल पक्ष | | सुधार गर्नुपर्ने पक्ष |
|---|---|---|---|
| १ | विग्रिएको वनको अवस्थामा सुधार भएको | १ | शहरी क्षेत्र बिच सा. ब. अबस्थित रहेकोले यसको दिर्घकालिन बिकासको अबधारणा निश्चित गर्न आबष्यक भइसकेको |
| २ | बन सिमानाका संरचनाहरुको पुन निर्माण भई बन क्षेत्र संरक्षित भएको | २ | योजना तर्जुमा कार्यविधि तथा कार्यान्वयनमा सुधार गर्नु पर्ने |
| ३ | जैविक विविधतामा वृद्धि भएको, जैविक विविधता संरक्षण सिकाइ केन्द्र को स्थापनाभई कार्यक्रम सन्चालन भएको | ३ | आयआर्जनका कार्यक्रमहरुको पहिचान गरी संचालन गराउनुपर्ने, वनमा रहेका बाँसको सदुपयोगमा ध्यान वढाउनु पर्ने |
| ४ | बन पद पथको निर्माण भई जनस्वास्थ सुधारमा टेवा पुऱ्याइएको | ४ | महिला वर्गको सहभागितामा बृद्धी गराउने, महिला क्षमता विकासका कार्यक्रमरु पहिचान गरी संचालन गराउनुपर्ने |
| ५ | | ५ | जलवायु परिवर्तनः समुदाय स्तर अनुकुलन योजना बनाइ कार्यान्वयन गर्नुपर्ने । |
| | | ६ | वन भित्र भएको भू क्षय नियन्त्रणमा ध्यान वढाउनु पर्ने |

## २.३) सामाजिक, आर्थिक, शैक्षिक, पशुपालन र वातावरणिय अवस्था

यस समूहमा जनजातीके बाहुल्य रहेको छ । यो क्षेत्र काठमाडौ महानगरपालिकाको एक घना बस्ति मध्यको एक क्षेत्रहो र यहा शहरी रहन सहन को जीबन सैलीले प्रभुत्वता पाएको छ । सामुदायिक बनको संरक्षित हरित बाताबरणमा समूह सदस्यहरु लगायत स्थानिय बासीहरु रमाउन मन पराउछन र बनको सरक्षण तथा दिगो ब्यबस्थान प्रती जागरुक छन । यसै सन्दर्भमा जैबिक बिबिधता संरक्षण सिकाई केन्द्रको स्थापना गरि स्थानिय स्कूलका कक्षा ६, ७, ८ का बिद्यार्थीहरुलाई संरक्षण सम्बन्थी बिषयहरुको कक्षा सन्चालन गरिएको छ । सामुदायिक बनमा अबस्थित रानीदेबी / पोर्पा अजीमा मन्दीर स्थानिय तथा काठमाडौ बासीहरुको एक मुख्य धार्मिक स्थलको रुपमा पुजीत रहेको छ र यहाँ पारिबारिक परम्परा अनुसारको पुजा आजा बेला बखत हुने गरेको छ ।

**तालिका न.१: सामाजिक अवस्था**

| विभिन्न टोलको | घरधुरी संख्या | जनसंख्या | | | शैक्षिक अवस्था | | आर्थिक अवस्था (खान पुग्ने महिना) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | साक्षर | निरक्षर | ३ | ६ | ९ | १२ |
| जम्मा | ४३ | ११५ | ११४ | २२९ | २१० | १९ | | | | २२९ |

**तलिाका नं.२:: पशुपालनको अवस्था (संख्या)**

| गाई, भैसी | भेडा, बाखा | जम्मा | कैफियत |
|---|---|---|---|
| ० | ० | ० | शहरी क्षेत्र भएको कारण पशु पालन न्युन रहेको |

**तलिाका नं.३:: वातावरणीय अवस्था**

| प्राकृतिक वातावरण | | | | | | भौतिक पूर्वाधार |
|---|---|---|---|---|---|---|
| भू-बनौट | जलस्रोत | तपक्रम | वर्षा | अ. उचाई | वन | |
| पहाडी | जलबायु परिबर्तनका कारण पानी मुहान हाल सुकेको | बर्षातको समयमा औसत २८ /३०डिग्री सम्म | मनसुनी | १४०० मी. | प्राकृतिक ऐतिहांसिक वन भएको | |

## २.४) वनपैदावारको वर्तमान माग र आपूर्तिको अवस्था

शहरी क्षेत्रमा अबस्थित यस सामुदायिक बन को ब्यबस्थापन मूख्यतया बाताबरण तथा बन संरक्षणमा केन्द्रित रहेको हुँदा काठ दाउरा उत्पादनको लक्ष राखिएको छैन । सुख्खड तथा ढलापडा बाट निसकने काठ दाउरा मात्र समूहको उपभोगको लागि उपलब्ध गराइएता पनि समूह बाट कमै मात्र माग हुने गरेको छ ।

## २.५) समूहको अन्य निकायसंगको सम्वन्ध

वन व्यवस्थापनका लागि आवश्यक प्राविधिक, आर्थिक, भौतिक र सामाजिक सहयोग जुटाउन समूहले निम्न सरोकारवाला निकायहरुसंग समन्वय गर्नेछ । तल प्रस्तुत रेखाचित्र (Venn Diagram) अनुसार समन्वय गरिने निकायहरुसंगको निकट सम्वन्ध देखाईएको छ ।



# परिच्छेद-३
# वनको परिचय

## ३.१) वनको विवरण

**वनको नाम** : रानीवारी सामुदायिक वन
**वन रहेको ठेगाना** :काठमाण्डौं म.न.पा., वडा नं.:३., काठमाण्डौं जिल्ला
**वनको चार किल्ला**

**क)** **पूर्व :** नेपाल प्रहरी, महानगरीय सशस्त्र प्रहरी गण नं.२, नेपाल प्रहरी, महानगरीय प्रहरी शिक्षालय (तालिम शाखा), नेपाल प्रहरी केनाइन महासाखा र आसरा सुधार केन्द्र (नेपाल प्रहरी श्रीमती संघ)

**ख)** **पश्चिम :** काठमाण्डौं सडक बिस्तार आयोजना अर्न्तगत निर्माणाधिन सडक र घर बस्ती

**ग)** **उत्तर :** नेपाल प्रहरी केनाईन महासाखा

**घ)** **दक्षिण** : सामाखुशी जाने पक्की सडक

**वनको क्षेत्रफल : ६.९५** हे.
**अनुमानित उचाई :** १३५० मिटर
**हावापानी :** मनसुनी जलवायु
**वनको माटो** : बलौटे पांगो

**वनको मोहडा :** दक्षिणी

**मूख्य प्रजाति** : खोटे सल्ला, हाडेबयर, चिलाउने बांस, भिमल ईत्यादी ।

यस बनमा ३९ प्रजातिका रुखहरु रहेका छन ।

**रुखको उमेर** : बिभिन्न, केही रुखहरु एक सय बर्ष भन्दा माथीका रहेका **अनुमान गरिएको छ ।**
**वनको किसिम :** मिश्रित प्राकृतिक वन

| ब्लक नं. | | वनको किसिम | अनुमानित उचाई | | वनस्पति प्रजातिहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| देखि | सम्म | | देखि | सम्म | | |
| १ | २ | मिश्रित वन | १३०० मी. | १४००मी. | कांडे सल्ला, खोटे सल्ला,हाडेबयर, चिलाउने, बांस, कपूर, उतिस, भिमल | |

## ३.२) वनको ऐतिहाँसिक पृष्ठभूमि

बि.सं १६४२ तिर कान्तिपुरका राजा शिबसिंह मल्लकी रानी गङ्गाले बुढानिलकण्ठको नजीकमा ठूलो बगैचा स्थापना गरेकी थिईन र सोही बगैचाको हालको स्वरुप रानीबारी बन हो भनेर केही लेखहरुमा उल्लेख गरेको पाइन्छ। मल्लकालमा राजाहरुले उपभोग गरिआएको यो बन शाह कालमा शाह राजाहरुले उपभोग गरि आएका र पछी मात्र सरकारी बन प्रशासन अन्तर्गत ल्याइएको भन्ने बुझिन्छ।

काठमाण्डौंको मुटुमा अवस्थित रानीबारी बन का.म.न.पा. वडा नं. ३ मा पर्दछ। यस सा.व.मा. बिभिन्न प्रजातिका रुखहरु रहेका छन्, जुन स्थानिय बाहेक विदेशबाट ल्याई राणाकालिन समयमा समेत वृक्षारोपण गरिएको अनुमान गर्न सकिन्छ। तर यस वनमा रहेको प्रजातिको उमेर यति नै भनी अनुमान लगाउन नसक्ने अवस्थामा छ।

यस बनको बीचमा अवस्थित देबीको मन्दिर नेवारी समाजमा 'पोरपा अजिमा' को नामले प्रख्यात छ भने बाँकी समुदायमा 'रानीदेवी' को नामले प्रख्यात छ। यिनै देवीको नामबाटै यस बनको नाम रानीवारी बन रहन गएको हो भने यस बनको नामबाट यस टोलको नाम पनि 'रानीबारी' रहेको हो। यहाँ केही नेवारी तथा शाहवंशीय वंशजहरुको इष्टदेवी (दिवाली, कुलदेबी) को पूजा आराधना गर्ने गरिन्छ। यो एक पौराणिक, धार्मिक, सामाजिक तथा ऐतिहासिक महत्व बोकेको पवित्र स्थल हो।

करिब ३ दशक अगाडी सम्म यो बनलाई चारैतिरबाट पाको ईटाको पर्खालले घेरिएको थियो। बनभित्र एउटा पाले घर पनि थियो। साथै त्यसताका स्थानीय बासीहरुमा यस बनबाट दाउरा, पातपतिङ्गर वा कुनै पनि वस्तुहरु घर लिएर जानु हुन्न र लग्यो भने पाप लाग्छ भन्ने भनाई थियो। यी कारणहरुले गर्दा त्यस समयमा यो बन सुरक्षित र अति नै रमणीय हुनुको साथै यो बनमा, स्याल, वनबिरालो, सिम कुखुरा विभिन्न किसिमका पुतलीहरु लगायत विभिन्न चराचुरुङ्गीहरुको सुरक्षित वासस्थान थियो। केही चराचुरुङ्गी विशेषज्ञ/प्रेमीहरु वर्ड वाचिङ्गको (Bird watching) साथै पुतली संकलनको लागि आउने गर्दथे।

पछी आएर पर्खालहरु जतासुकै भत्किनुको साथै पालेघर समेत भत्किन गई उचित संरक्षणको अभाबमा बनको अवस्था अस्तव्यस्त हुन गएको थियो। यो बन पूर्वजहरुले नासोको रुपमा छाडेको धरोहर हुँदा यसको संरक्षण तथा संवर्द्धन गरि भावी सन्ततिको लागि बचाएर राख्नुका साथै यसलाई सही ढंगले प्रयोगमा ल्याउनु सबैको परम् कर्तव्य हो भन्ने आभास स्थानिय बासीहरुमा हुन आएको हुँदा उनीहरुको अथक प्रयास बाट २०५७/९/१० मा जिल्ला वन कार्यालय, काठमाण्डौंबाट सामुदायिक बन स्वरुप हस्तान्तरण भई सम्बन्धित उपभोक्ता समूहले सक्रिय भई सा.ब.को संरक्षण र बिकास गरी आएको छ।

यो बन प्रदूषणले पीडित काठमाण्डौं वासीहरुको लागि प्रदूषण रहित एक प्राकृतिक मनोरम स्थल भएको छ। यही परिप्रेक्षमा प्राकृतिक बाताबरण तथा जैबिक बिबिधता संरक्षण को मुख्य उद्येस्य अपनाई रानीबारी सामुदायिक बन उपभोक्ता समूहले यस सामुदायिक बनको संरक्षण तथा बिकास चरण बद्यरुपमा गरि आएको छ।

### ३.३) बिगतको कार्ययोजनाको समिक्षा (SWOT Analysis )

रानीवारी सामुदायिक वनको कार्ययोजना कार्यान्वयनको सवल र कमजोर पक्ष तथा चुनौति र अवसरहरुको समिक्षा (SWOT Analysis ) निम्न तालिकामा प्रस्तत् छ । कमजोर पक्षहरुमा सुधार गर्दै उपलव्ध अवसरहरुको उपयोग गरी कार्ययोजना वमोजिम वनको वैज्ञानिक तरिकाले व्यवस्थापन गरिनेछ ।

| पक्षहरु | वन व्यवस्थापन | समूहको संस्थागत विकास |
|---|---|---|
| **सवल पक्ष (Strength)** | **वनको संरक्षण, संवर्धन र सदुपयोग** तर्फ प्राकृतिक पुनरुत्पादनको विकास, झाडी सफाई, हाँगा काँटछाँट गरिएको, काठ, दाउरा, उपयोग समूह भित्र गरिएको । वन्यजन्तु स्याल, न्याउरीमुसा, जुरेलि, लामपुछ्रे, ढुकुर, सर्प, भ्यागुतो आदिको वृद्धी भएको । गैह्रकाष्ठ वनपैदावारमा बांस, को विकास भएको । | जनचेतनाको क्रमिक विकास, रेकर्ड व्यवस्थापन पनि राम्रो भएको, वैठक, सभा भएको, |
| **कमजोर पक्ष (Weakness)** | प्रचलित सा.ब. कार्य योजनाको ढाँचामा केहि परिमार्जन गर्न आबष्यक भएको | महिला सहभागिता कम भएको । |
| **समस्या तथा चुनौति (Threat)** | सामुदायिक बन घना शहरी क्षेत्र बिच अबस्थित रहेकोले गैर बन बिकास कृयाकलापको लागि स्थानिय बासिन्दाको माग हुने गरेको । | समूह सदष्यहरु र स्थानिय जनसमूदाय बिच ब्यापक अन्तरकृया गरिनु पर्ने । |
| **अवसर (Oppertunities)** | मानब मैत्री शहरी बन बिकासको अबधारणा पहल गरिनु पर्ने । | इच्छुक समूह सदस्यहरुको लागि बिषेस तालिम को ब्यबस्था गर्नु पर्ने । |
| **सुधारहरु (Recommendations)** | कार्य योजना अनुसार तोकिएको समयमा वन व्यवस्थापनका कार्यहरु गर्ने । | समूह सदस्यहरु र टोल बासी बिच बैठकहरु आयोजना गरि अन्तरकृया गर्ने । |

### ३.४) वनको वर्तमान अवस्था

वनको वर्तमान अवस्था देखाउन वनमा भएको जम्मा काठको मौज्दात (Growing Stock) र पुनरुत्पादन (Regeneration) को आधारमा विरुवा र लाथ्राको विश्लेषण गरी प्राप्त भएको तथ्यांक तल तालिका नं. ४ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४ काठको मौज्दात र पुनरुत्पादन

| खण्ड | पुनरुत्पादन (संख्या) प्रति हे. | | पुनरुत्पादनको अवस्था | पोल र रुखको काठ मौज्दात/हे. (घ.मी.) | बृद्धि मौज्दात (अवस्था) | वनको अवस्था |
|---|---|---|---|---|---|---|
| | विरुवा | लाथ्रा | | | | |
| १ | ११,५०० | १००० | राम्रो | पोल २.५<br>रुख २७७.४ | ठिकै | ठिकै |
| २ | ६००० | १२०० | राम्रो | पोल ५.५<br>रुख ८२.४ | कमसल | कमसल |

# परिच्छेद -४
# वन व्यवस्थापन तथा ब्लक विभाजन सम्वन्धि व्यवस्था

## ४.१) सामुदायिक वन व्यवस्थापनको दूरदृष्टि (Vision)

| |
|---|
| उत्पादनशील, जैविक विविधता संरक्षित, मानब मैत्री, आयमूलक सामुदायिक वनको विकास |

## ४.२) वन व्यवस्थापनको लक्ष्य (Mission)

| |
|---|
| सामुदायिक वनको उपयुक्त दीगो व्यवस्थापनद्धारा समूह सदस्यहरु त्था स्थानिय जनसमुदायको लागि सुस्वास्थ मैत्री अबसरहरुको बिकास गर्ने । |

## ४.३) वन व्यवस्थापनको उद्देश्यहरु (Objectives)

### ४.३.१ अल्पकालीन् उद्देश्यहरु

क) वन संवर्धनका कार्यहरु गर्ने ।
ख) आबष्यकता अनुसार समूहको लागि वनपैदावारको आपूर्ति गर्ने ।
ग) आयमूलक कार्यक्रम संचालन गर्ने ।

### ४.३.२ दीर्घकालीन् उद्देश्यहरु

क) सामुदायिक वनको उत्पादकत्व वढाउने ।
ख) भू-क्षय नियन्त्रण (Soil Conservation) गर्ने ।
ग) जैविक विविधता (Biodiversity) संरक्षण गर्ने ।
घ) जलाधार क्षेत्र, पानी-मूहान आदिको संरक्षण गर्ने ।
ङ) वन्यजन्तु वासस्थानको (Wildlife Habitat) संरक्षण गर्ने ।
च) नमूना मानब मैत्री शहरी प्राकृतिक सामुदायिक वनको बिकास गर्ने ।

## ४.४) दीगो वन व्यवस्थापनको कार्यनीति (Sustainable Forest Management Action Policy)

क) वनलाई दुई वन खण्डमा विभाजन गरी वनको व्यवस्थापन गरिनेछ ।
ख) महिला तथा पुरुषको समान सहभागितामा वन व्यवस्थापन गरिनेछ ।
ग) समुह भित्र वनपैदावारहरु न्यायोचित रुपमा वितरण गरिनेछ ।
घ) छनौट प्रणाली (Selection System ) अनुसार वन व्यवस्थापन गरिनेछ ।
ङ) उचित वन सम्वर्द्धनका कार्यहरु गरी वनको व्यवस्थापन गरीनेछ ।
च) तालिम, गोष्ठी संचालन गरी समूह भित्र दक्षजनशक्ति विकास गरिनेछ ।
छ) समुहको कोषबाट कम्तीमा २५% अनिवार्य रुपमा वन विकासमा लगानी गरिनेछ ।

**४.५) विशेष व्यवस्था :**
यो सामुदायिक वनमा अरु संघ सस्थाहरु संग समन्बय गरेर बाताबरण तथा बन बिकाशको काम गर्न सकिनेछ ।

**४.६) खण्ड विभाजन**
यस सामुदायिक वनलाई दुई वन खण्डहरुमा (Forest Blocks) विभाजन गरिएको छ । वन खण्डको आधारहरु, उद्देश्यहरु तथा ब्लकको विवरण देहाय वमोजिम रहेका छन् ।

**४.६.१) खण्ड विभाजनको आधारहरु :** प्रजाति, प्राकृतिक सिमाना (खोल्सा, खोल्सी)

**४.६.२) खण्ड विभाजनको उद्देश्यहरु**

क) वन व्यवस्थापनको कार्यहरुलाई सरल तथा प्रभावकारी वनाउन ।
ख) वनको अवस्था अनुसार वन व्यवस्थापनका उदेश्य निर्धारण गर्न ।
ग) उपयुक्त वन सम्वर्द्धनका कार्यहरु गर्न ।

**४.६.३) खण्ड व्यवस्थापनका उद्देश्यहरु**

| खण्ड | व्यवस्थापनका प्रमुख उदेश्यहरु |
|---|---|
| १ | क) बन नर्सरी स्थापना गरि बिरुवा उत्पादन गर्ने<br>ख) बाँसको उपयुक्त ब्यबस्थापन गर्ने<br>ग) प्रकृतिक पुनरुत्पादनको संरक्षण गर्ने । |
| २ | क) रैथाने प्रजातिका रुखहरुको संरक्षण गरि बिकास गर्ने<br>ख) चराहरुके बासस्थानको संरक्षण तथा बिकास गर्ने<br>ग) प्रकृतिक पुनरुत्पादनको संरक्षण गर्ने । |

**४.६.४) खण्ड विभाजनको विवरण**

| विवरण | १ | २ |
|---|---|---|
| **खण्डको नाम** | **रानीबारी दक्षिण खण्ड** | **रानीबारी उत्तरी खण्ड** |
| **पूर्व** | घर बस्ती आशरा सुधार केन्द्र (नेपाली प्रहरी महीला संघ) | आशरा सुधार केन्द्र (नेपाली प्रहरी मीहला संघ) नेपाल प्रहरी, महानगरिय शसस्त्र प्रहरी गण महाराजगंज्र |
| **पश्चिम** | काठमाण्डौं सडक बिस्तार आयोजना अन्तर्गत निर्माणाधिन सडक,घर बस्ती | काठमाण्डौं सडक बिस्तार आयोजना अन्तर्गत निर्माणाधिन सडक,घर बस्ती |
| **उत्तर** | ब्लक दूई | नेपाल प्रहरी केनाइन महाशाखा |
| **दक्षिण** | सामाखुशी जाने पक्कि सडक | दक्षिण खण्ड |
| **क्षेत्रफल** | १.५ हे | ५.४५ हे |
| **महोडा** | दक्षिणी | उत्तरी |
| **माटो** | वलौटे पांगो | वलौटे पांगो |
| **भीरालोपना** | १०-२५ | १०-२५ |
| **मुख्य प्रजाति** | कांडेसल्ला, हाडेबयर, बाँस | हाडेबयर, खोटेसल्लो, चिलाउने, बाँस |
| **वनको उमेर** | बिभिन्न १५० बर्ष सम्म | बिभिन्न १५० बर्ष सम्म |
| **अन्यप्रजाति** | महारुख, खोटेसल्लो, जामुन | भिमल,रिठ्ठा, लप्सी |
| **वनको किसिम** | मिश्रित | मिश्रित |
| **छत्र ढकाई %** | ४० देखि ६० | ४० देखि ६० |

### ४.७) वन सम्वर्द्धनका कार्यहरु

यस सामुदायिक वनको दीगो व्यवस्थापनका लागि वन सम्बर्धन कार्यहरूको कार्यान्वयन गर्नु भन्दा पहिला समितिको बैठक बसी उपभोक्ताहरुलाई कार्यक्रम तय भएको निर्णयको जानकारी गराइने छ । वन प्राविधिकको सल्लाह र सहयोगमा वन व्यवस्थापनको कार्यहरु कार्यान्वयन गरिने छ । वनको हैसियतमा सुधार तथा दीगो बन व्यबस्थापनको लागि देहाय बमोजिम वन संवर्धनका कार्यहरु उपयुक्त समयमा गरिने छ ।

- पुनरुत्पादन संरक्षण (Regeneration Promotion)
- गोडमेल (Weeding)
- झाडी सफाई (Cleaning) खासगरि बनमारा हटाउने
- हाँगा कांटछाँट (Pruning)
- ढलापडा हटाउने (Salvation)

### ४.८) नर्सरी, वृक्षारोपण र आयमूलक कार्यक्रम

यस सामुदायिक वनमा बन नर्सरी स्थापना तथा सन्चालन, खाली ठाउमा वृक्षारोपण र आयमूलक कार्यक्रमहरु आबष्यकता अनुसार कार्यान्वयन गरिनेछ । यस्ता कार्यक्रमहरुको कार्यान्वयन गर्दा डिभिजन वन कार्यालयमा जानकारी गराई सम्बन्धित विशेषज्ञको सहयोग लिईने छ ।

### ४.९) गैह्काष्ठ वनपैदावार तथा जडिबुटी खेति

वनमा भएका महत्वपूर्ण जडिबुटीहरुको संरक्षण, विकास र उत्पादनका लागि जडिबुटीहरुको सर्भेक्षण गरी दीगो व्यवस्थापन गरिनेछ । यसका लागी आवश्यक सहयोग डिभिजन वन कार्यालय, विशेषज्ञ तथा अन्य सहयोगी संस्थाहरूसंग लिइने छ ।

### ४.१०) ऐनको दफा २९ बमोजिम उपभोक्ताहरुलाई हुनसक्ने सँजाय सम्बन्धि व्यवस्था

वन ऐन, ०७६ को दफा (२१) अनुसार कार्ययोजना विपरित कार्य गर्नेलाई सँजाय गर्दा सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरित कुनै कार्य गरेमा नीजलाई सम्बन्धित वन उपभोक्ता समुहले उपयुक्त संजाय गर्न सक्नेछ । कुनै नोक्सान भए विगो समेत असुलउपर गर्न सक्नेछ । समुहमा प्रतिकूल हुने निम्न कार्यहरु गर्नेलाई देहाय वमोजिमको सँजाय सम्वन्धि व्यवस्थाहरु गरिएको छ ।

१) कार्ययोजनामा स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गरिने जानकारी पाएर पनि सहभागी नहुने उपभोक्ता सदस्यलाई जरिवाना वापत रु.५००।- तथा समितिका पदाधिकारीहरुवाट रु. १०००।-असुल गरिनेछ ।

२) समितिले मिलाएको कार्य व्यवस्था र निर्देशन विपरित जवरजस्ति गरी झगडा गर्न आएमा त्यस्तो व्यक्तिलाई कडा चेतावनि दिई १ पटक सम्म सम्झाउने र अर्कोपटकमा समुहले निर्णय गरी निजलाई १ वर्ष सम्म उपभोक्ता सदस्यबाट हटाउन सकिने छ ।

३) थाहापाएर पनि वन अपराध नियन्त्रण गर्ने कार्यमा सहायोग नगरी लापर्वाहीका साथ बेवास्था गरेमा पहिलो पटक कडा चेतावनि दिने र दोश्रो पटक समितिले निर्णय गरी उपयुक्त सजाय गर्ने र तेश्रो पटक १ वर्ष सम्म उपभोक्ता सदस्यताबाट हटाउन सकिनेछ ।

४) **दण्ड संजाय :** समुह भित्र कसैले समुहको विधान र कार्ययोजना विपरित हुने कुनै काम गरेको पाइएमा स्वीकृत विधानमा तोकिए बमोजिमको प्रकृया अपनाई दसी प्रमाण सहित उल्लेख गरिए वमोजिम दण्डजरिवाना गरिने छ । अन्य अनियमित वन अपराधका कामहरु गरे वा गराएको पाइएमा प्रचलित वन ऐन तथा नियमावली अनुसार कार्वाही गरिने छ ।

५) समुहले वन अपराधीलाई कारवाही गर्दा डिभिजन वन कार्यालय तथा कानून व्यवसायीको आवश्यक सहयोग लिन सक्नेछ । समुहले यस सम्वन्धमा भए गरेका काम कार्वाहीहरुको स्पष्ट रेकर्ड राखी  डिभिजन वन कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

६) भैपरी आउने र समुहले व्यवस्थापन गर्नसक्ने कार्वाही उपर समुहको प्रतिनिधिको रुपमा वन समितिले समुहको विधान अनुसार आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने र सो को जानकारी समुहलाई गराइने छ ।

## ४.११) वन संरक्षणको तरिका

वन संरक्षणकालागि प्रचारप्रसार गरी जनपरिचालन गरिने छ । “वन उपभोक्ताहरु आफैं सामुदायिक वनको संरक्षक हुन्” भन्ने अवधारणलाई व्यवहारमा उतार्न समूहको हरेक सदस्यले अनुशासन पूर्वक आ आफनो जिम्मेवारी पुरा गर्नुपर्दछ । वन संरक्षण कार्यमा समूहलाई सकृय वनाउन स्वीकृत विधान र कार्ययोजना वमोजिम समितिले काम कार्वाही गरी नेतृत्वपूर्ण भमिका निर्वाह गनपर्दछ । वन संरक्षणका लागि निम्न रोकथाम तथा उपचारात्मक तरिकाहरु अवलम्वन गरिने छ ।

१) सामुदायिक वन क्षेत्रमा **वन अतिक्रमण** पूर्ण रुपमा नियन्त्रण गरिने छ ।
२) सामुदायिक वनमा **चरिचरण**  वन्द गरिने छ ।

३) **आगलागी तथा डढेलो** वाट वनको संरक्षण गर्न वनमा झाडीसफाई गर्ने । वन सिमाना वरिपरी माघ, फागुन महिनामा अग्नीरेखा बनाउने । वन संरक्षणका लागि जनचेतना वढाउने । सुख्खा समयमा आगलागीबाट वनलाई बचाउन बढी शतर्कता अपनाइने छ ।
४) **वनपैदावार चोरी निकासी** नियन्त्रण गर्न कार्ययोजनामा तोकिए वमोजिम वन व्यवस्थापनको कार्यहरु गर्दा प्राप्त हुने वनपैदावारहरु समयमै वन उपभोक्ता समूह भित्र विक्रीवितरण गर्ने । चोरी गर्नेलाई दण्ड जरिवाना गर्ने । चोरी निकासी हुनबाट बचाउन प्रचारप्रसार गरिनेछ ।

५) **भू-क्षय तथा पहिरो नियन्त्रण** गर्न खाली ठाउमा वृक्षारोपण गर्ने, क्षति हुन सकने स्थानहरुमा चेक डयाम बनाउने ।
६) **पानीमूल संरक्षण** गर्न पानीको मूल भएको ठाउंलाई संरक्षित क्षेत्र बनाउने ।

७) **प्राकृतिक पुनरुत्पादन विकास गर्न** वनक्षेत्र भित्र स्वस्थ माउ रुख संरक्षण गर्ने ।

८) **वन्यजन्तुको शिकार** गर्न प्रतिवन्धित गर्ने र कार्वाही गर्ने ।

९) **वनको रेखदेखमा** उपभोक्ता समूहलाई बढी सक्रृय गराइने छ
१०) प्रभावित वन क्षेत्रमा **रोग तथा कीराको प्रकोप नियन्त्रण** गर्न विशेषज्ञको सहयोगमा अनुसन्धान गरी निराकरण गर्ने ।

### ४.१२) वन्यजन्तुको संरक्षण सम्बन्धि प्रावधान

यस सामुदायिक वन क्षेत्र भित्र वन्यजन्तुको शिकारमा पूर्ण प्रतिवन्ध लगाइएको छ । यस सामुदायिक वन क्षेत्र भित्र पाईने स्याल, वन विरालो, न्याउरीमुसा, तथा ढुकुर, फिष्टे, जुरेली, सुगा, कोईली आदि कुनै पनि वन्यजन्तु तथा पंक्षीहरुको शिकार गर्न पाइने छैन । शिकार गर्ने कुनै पनि हातहतियारहरु ( बन्दुक, गुलेली, पटाका, भाला, विषादी आदि) लिएर वनक्षेत्रभित्र प्रवेश गर्न पाइने छैन । कसैले वन क्षेत्रभित्र कुनै पनि तरिका अपनाई वन्यजन्तुको शिकार गरेको वा गर्न लागेको भेटिएमा वन समितिले समूहको निर्णय अनुसार कार्वाही गर्नेछ । वन्यजन्तुको अवैध शिकारगरी चोरीनिकासी गरेको फेला परेमा दसी प्रमाण सहित डिभिजन वन कार्यालयको सहयोगमा सम्बन्धित निकायमा कार्वाहीका लागि पेश गरिनेछ । यस कार्यमा सहयोग पुऱ्याई सुराकी दिएर अपराधीलाई कार्वाही गर्न सहयोग पुऱ्याउनेलाई समूहको निर्णय अनुसार समितिले उचित पुरस्कार दिनेछ । यस सम्बन्धि अपराध गर्नेलाई प्रचलित ऐन नियम अनुसार कार्वाही अगाडि बढाइनेछ ।

*वन संरक्षण गर्नसके नरित्तिने भण्डार ।*

*यहि हो मानिसको सुखी जीवनको आधार ॥*

## परिच्छेद-५
## वन सदुपयोग

### ५.१) वन सदुपयोगको लागि नीति नियम

यो सामुदायिक बन काठमाडौ महानगरपालिकाको घना आबादी क्षेत्र भित्र अबस्थित रहेकोहुँदा बाताबरण तथा जैबिक बिभिदता संरक्षणहेतु बनमा बार्षिकरुपमा कटान कार्यक्रम राखिएको छैन तर ढला पडा, सुखड र जोखिमयुक्त रुखहरु हटाउदा निम्नानुसार गरिने छ

५.२) सम्बन्धित निकाय बाट स्विकितीृ लिई ढला पडा, सुखड र जोखिमयुक्त रुखहरु हटाउनु अगावै के कती परिमाणमा काठ दाउरा आबष्यक छ खुलाई कार्यसमिति समक्ष निबेदन पेस गर्न समूह सदस्यहरुलाई जानकारी गराइनेछ। काठ दाउराको मूल्य प्रचलित रोयल्टी दरमा कटान मुछान खर्च थप गरि कायम गरिने छ।

### ५.३) समूह बाहिर वनपैदावार विक्रि गर्ने :

उपभोक्ता समूहको माग भन्दा बढी भएको काठ दाउरा सरकारी मूल्यमा नघटाई लिलामी गरी विक्रि गरिनेछ।

### ५.४) गैरकाष्ठ वनपैदावारको बिक्रि गर्ने

सामुदायिक बन बाट उत्पादन हुने बाँस समूह सदस्यहरुलाइ सहुलियत दरमा र अन्यलाई प्रचलित बजार मूल्यमा बिक्री गरिने छ।

## ५.५) वनपैदावारको मूल्य निर्धारण

यस कार्ययोजना अनुसार सामुदायिक वनको व्यवस्थापन तथा वन सम्वर्धनका कार्यहरु गर्दा प्राप्त हुने वनपैदावारहरु समुह भित्र वा समूह वाहिर विक्रीवितरण गर्दा देहाय वमोजिम वनपैदावारहरुको मूल्य निर्धारण गरिएको छ ।

| सि.नं. | वन पैदावारको नाम | ईकाइ | परिमाण | समुह भित्र मूल्य रु. | समूह बाहिर मूल्य रु | समय |
|---|---|---|---|---|---|---|
| १ | **काठ** | | | | | |
| | क उत्तिस | क्यु.फि | २० क्यू.फि. सम्म | १००।- | १००।- | मसिंर-फाल्गुण |
| | ख सल्ला | ,, | ,, | १००।- | वन्द | ,, ,, |
| | ग कटुस | ,, | ,, | ४०।- | वन्द | ,, ,, |
| | घ चिलाउने | ,, | ,, | ४५।- | वन्द | ,, ,, |
| | ङ मौवा | ,, | ,, | ४०।- | वन्द | ,, ,, |
| | च अन्य | ,, | ,, | ४०।- | वन्द | ,, ,, |
| २ | **दाउरा** | | | | | |
| | क काँचो | भारी | १० | ५।- | वन्द | पौष - फाल्गुण |
| | ख सुकेको | ,, | १० | निशुल्क | वन्द | |
| ३ | स्याउला | भारी | | निशुल्क | वन्द | |
| ४ | डालेघाँस | भारी | | निशुल्क | वन्द | |
| ५ | हलो | वटा | मााग अनुसार | निशुल्क | वन्द | पौष - फाल्गुण |
| ६ | हरीस | वटा | मााग अनुसार | निशुल्क | वन्द | ,, |
| ७ | गोल ५ भारीको | भारी | | १००।- | वन्द | पौष - फाल्गुण |
| ८ | व्रतवन्ध, विवाहको लागी | | रु५०।- दरले कार्य समितिले निर्णय गरी १० भारी सम्म दाउरा दिने | | | |
| ९ | मर्दा पर्दा दाउरा | | आवश्यकता अनुसार निशुल्क | | नदिने | |
| १० | दैविप्रकोप पर्नेलाई काठ | १० क्यु.फि. | | निशुल्क | नदिने | |
| ११ | पत्कर | भारी | | निशुल्क | | |
| १२ | खाँवा बलो | गोटा | | रु १०।- | | पौष - फाल्गुण |
| १३ | भूईघाँस | भारी | | निशुल्क | नदिने | |
| १४ | शिकार खेल्न | पटक | | शिकार खेल्न पाईने छैन । | | |
| १५ | ढुङ्गा, माटो खानी | | वन क्षेत्रमा माटो ढुङ्गा निकाल्न मनाही गरिने छ । | | | |
| १६ | डाँडाभाटा | वटा | | ५०।- | नदिने | पौष-फाल्गुण |
| १७ | थाँक्रो | वटा | | ५।- | नदिने | |
| १८ | अम्रिसो | के.जि. | | ५।- | २०।- | |
| १९ | निंगालो | वटा | | १।- | ३।- | |

***वनपैदावारको सदुपयोग हाम्रो अधिकार ।***

***सामुदायिक वनको विकासमा हामी जिम्मेवार ॥***

## ५.६) दण्ड जरिवानाको व्यवस्था

यस सामुहको विधान तथा कार्ययोजना विपरितको कसुर गरेमा कसुरदारलाई तालिकामा उल्लेख गरिए वमोजिम दण्ड-जरिवाना गरी विगो समेत जफत गरिनेछ । कसुरदारले अटेर गरेमा समुहले कसुर गर्नेलाई सम्वन्धित निकायमा प्रमाण सहित पेश गर्नेछ ।

| सि.नं. | विवरण | ईकाइ | पहिलो पटक | दोस्रो पटक | तेस्रो पटक | समूह वाहिर |
|---|---|---|---|---|---|---|
| १ | काठ काटेमा | | | | | |
| | क) सल्ला | क्यु.फि. | १,०००।- | २,०००।- | ४,०००।- | ६,०००।- |
| | ख) चिलाउने, कटुस | क्यु.फि. | १,०००।- | २,०००।- | ४,०००।- | ६,०००।- |
| | ग) उतिस | क्यु.फि. | १,०००।- | २,०००।- | ४,०००।- | ६,०००।- |
| | घ) मौवा | क्यु.फि. | ५००।- | १,०००।- | १५००।- | २,०००।- |
| | ङ ) अन्य | क्यु.फि. | ५००।- | १,०००।- | १५००।- | २,०००।- |
| २ | दाउरा चोरी गरेमा | भारी | २०।- | ४०।- | ६०।- | १००।- |
| ३ | डाले घाँस चोरेमा | भारी | ५।- | १०।- | १५।- | २०।- |
| ४ | स्याउला चोरेमा | भारी | ५।- | १०।- | १५।- | २०।- |
| ५ | गोल पोलेमा | भारी | २०।- | ४०।- | ६०।- | १००।- |
| ६ | हलो चोरेमा | वटा | २०।- | ४०।- | ६०।- | १००।- |
| ७ | हरिस चोरेमा | वटा | २०।- | ४०।- | ६०।- | १००।- |
| ८ | वनमा आगो लगाएमा | रोपनि | विगो कायम गरि कारवाहीको लागि डि.व.का. पठाउने । | | | |
| ८ | वन रेखदेख गर्न नगएमा | पटक | २००।- | ४००।- | ६००।- | |
| ९ | वन अतिक्रमण गरेमा | रोपनि | वन अतिक्रमण हटाइ त्यस्तो जग्गा वन क्षेत्रमा समावेश गरि रु १०,००० जरिवाना तथा क्षति भएको रुख विरुवा बिगो कायम गरि असुल गरिने । | | | |
| १० | चरीचरन गराएमा | | भेडा बाखा भए प्रथम पटक रु ५ गोरु भैसी रांगा भए रु १० पटके भएमा तोकिएको जरिवाना मा दोब्बर हुदै जाने । | | | |
| ११ | वनमा ढुङ्गा माटो निकालेमा | भारी | विगो कायम गरि कारवाहीको लागि डि.व.का. पठाउने । | | | |
| १२ | पत्तकर चोरी गरेमा | भारी | ५।- | १०।- | १५।- | २०।- |
| १३ | विड वलो चोरी गरेमा | वटा | २०।- | ४०।- | ६०।- | १००।- |
| १४ | खोरीया फाँडेमा | रोपनि | विगो अनुसार जरिवाना गरी वृक्षारोपण समेत गराउने | | | |
| १५ | वनमा घरछाप्रो बनाएमा | वटा | विगो अनुसार जरिवाना गरी घरछाप्रो समेत भत्काउने | | | |
| १६ | शिकार खेलेमा | पटक | विगो जफत गरी विगो अुनसार जरिवाना गर्ने | | | |
| १७ | वन सिमाना मासेमा | वटा | विगो अनुसार जरिवाना गरी वृक्षारोपण समेत गराउने | | | |
| १८ | जडिवुटी चोरी गरेमा | के.जी. | समूहको निणर्य अनुसार | | | |

गैरकाष्ठ वनपैदावार तथा जडिवुटी चोरी गरेमा संकलन गरेको वनपैदावार जफत गरी विगो बमोजिम जरिवाना गरिनेछ । जफत भएको जडिवुटी समूहले नियमानुसार सरकारी मुल्यमा नघटाई लिलाम बढाबढ गरी विक्रि गर्नेछ । विगो जफत हुन नसकेमा विगोको दोब्बर जरिवाना अपराधीबाट असुलउपर गरिनेछ । यस सामुहको विधान तथा कार्ययोजना विपरितको कसुर गरेमा कसुरदारलाई तालिकामा उल्लेख गरिए वमोजिम दण्ड-जरिवाना गरी विगो समेत जफत गरिनेछ । कसुरदारले अटेर गरेमा समुहले कसुर गर्नेलाई सम्वन्धित निकायमा प्रमाण सहित पेश गर्नेछ ।

**राम्रो काम गर्नेलाई पुरष्कार :** कदर गर्न लायकको काम गर्ने व्यक्तिलाई वार्षिक साधारण सभामा कदर स्वरुप पुरस्कार प्रदान गरिनेछ ।

**सुराकीलाई पुरस्कार :** सुराकी दिने व्यक्तिलाई विगो गर्ने व्यक्तिबाटा असुल उपर भएको रकमको ५०% रकम पुरस्कार स्वरुप प्रदान गरिनेछ ।

## ५.७) कोषको व्यवस्थापन र आम्दानीको उपयोग सम्वन्धी व्यवस्था

समूहको कोषको व्यवस्थापनको लागि नियमित रेकर्ड राख्ने पद्दती तथा खर्च गर्ने प्रकृया विधानमा व्यवस्था भए वमोजिम गरिने छ । समूहको वार्षिक आम्दानी तथा खर्चको विवरण समूहको वार्षिक साधारण सभावाट अनुमोदन गराई लेखापरीक्षण सहितको वार्षिक प्रतिवेदन हरेक वर्ष श्रावण महिना भित्रमा डिभिजन वन कार्यालयमा पेश गरिने छ । सामुदायिक वन उपभोक्ता समुहको नाममा एक आर्थिक कोष खडा गरी बैंक खातामा देहायका रकमहरु जम्मा गरिनेछ । वैंकखाता समूहको अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा संचालन गरिने छ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम ।

(ग) वन पैदावारहरुको विक्री वितरणबाट प्राप्त रकम ।

(घ) जरिवाना बापत प्राप्त रकम ।

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

सामुदायिक वन विकासका लागि समुहले आर्जन गरेको आयबाट कम्तिमा २५ प्रतिशत रकम वन विकास, संरक्षण र व्यवस्थापन कार्यमा तथा ३५ प्रतिशत विपन्न वर्गको जीविकोपार्जन सुधारमा खर्च गरी बांकी रहेको रकम अन्य सार्वजनिक हितका देहाय अनुसारको कार्यहरुमा खर्चगर्न सकिने छ ।

**१) वन विकास तथा संवर्धनका कार्यहरु**

(१.१) नर्सरी निर्माण तथा विरुवा उत्पादन, वृक्षारोपण, पुनरोपण ।

(१.२) गोडमेल, झाडी सफाई, साल्भेसन, एक्ल्याउने, हांगा कांटछांट, रुख पतल्याउने ।

(१.३) संरक्षण बार लगाउने (तारबार, हेज- कांडेदार वनस्पतिको बार) ।

**२) आयमूलक खेती** : रिट्ठा, लप्सी, रुद्राक्ष, बांस, निगालो, आदी ।

**३) कार्यालय व्यवस्थापन :** कार्यालय भवन, फर्निचर, मसलन्द इत्यादि ।

४) **औजार खरिदः चेन स,** प्रुनिङ्ग स (हांगा काट्ने करौंती), विकासे खुर्पा, वन्चरो, आरा, टेप आदि ।

६) **सामुदायिक वन विकास तथा जनचेतना अभिवृद्धि** : प्रचारप्रसार, तालिम, गोष्ठी, अध्ययन भ्रमण आदि ।

७) **काठ** कटानी, ढुवानी, चिरानीको व्यवस्था ।

८) **सामाजिक कार्यहरु** : बन तथा बातारण संरक्षण को लागि जन चेतना मूलक कार्यक्रम सन्चालन गर्ने, रानीदेबी मन्दीर परिसरमा आबष्यक निर्माण सुधार का कार्यहरु गर्ने ।

९) **वन संरक्षणकालागि** वन हेरालुको व्यवस्था गर्ने ।

१०) **अन्य कार्यहरु**

१०.१) जैबिक बिबिधता संरक्षण शिक्षा केन्द्र सन्चालन ।

१०.२) वन पैदावारमा आधारित लघु उद्योग संचालन, मौरी पालन ।

१०.३) लेखा परीक्षण कार्य ।

१०.४) अनुगम तथा मूल्याङ्कन ।

१०.५) चमेनाघर सन्चालन

# पच्छिेद-६

# जीविकोपार्जन तथा सामाजिक विकास

## ६.१) जीविकोपार्जन सुधार योजना

### बाँस तथा काठका सामान उत्पादन

बाँस तथा काठ बाट बिभिन्न घरायसी उपभोगका सामानहरु उत्पादन गर्न सकिने तालिमका कार्यक्रमहरु नियमित रुपमा सन्चालन गर्ने ।

## ६.२) सामुदायिक तथा संस्थागत विकास

**क) महिला शसक्तिकरण :** महिलाहरुको पँहुच स्थापित गर्न तथा सहभागिता बढाउन महिला शसक्तिकरण कार्यक्रम संचालन गरिनेछ । समुहको घरधुरी नामावलीमा घरमुली पुरुष र महिला दुवैको नाम समावेश गरिनेछ । समुहको साधारण सभामा हरेक घर धुरीबाट एक महिला र एक पुरुष समान रुपमा सहभागिता जनाई निर्णय गर्नमा समान मताधिकार प्रयोग को ब्यबस्था गरिने छ । वन समितिको गठन गर्दा महिलाहरुको प्रतिनिधित्व समान रुपमा हुने ब्यबस्था गरिने छ ।

**ख) छात्रवृत्ति सहयोग :** आर्थिक रुपमा विपन्न विद्यार्थीलाई किताव कपि किन्ने रकम वा मासिक तथा भर्ना शुल्क छात्रवृत्ति स्वरुप प्रदान गर्ने ब्यबस्था गरिने छ

**ग) विकास निर्माण :** भौतिक तथा सामाजिक विकासका कार्यहरु जन सहभागिता जुटाएर गरिनेछ ।

**घ) मानवीय विकास :** तालिम, गोष्ठी र अध्ययन भ्रमण जस्ता कार्यक्रममा उपयुक्त प्रतिनिधिलाई सहभागी गराई समूह भित्रै दक्ष जनशक्तिको विकास गरिनेछ । समूहमा आत्माविश्वास, सुशासन तथा पारदर्शीता र जवाफदेहिता वढाउन आवश्यक तालिम, गोष्ठी, अध्ययन भ्रमण कार्यकमहरुमा विपन्न, दलित, आदिवासी, जनजाति, महिलाहरुको सहभागितामा जोड दिईनेछ ।

**ङ) कार्यालय संचालन :** यस समूहले उपयक्त ठाउँमा कार्यालय स्थापना गरी दैनिक कार्यालय संचालन गर्ने छ । कार्यालय संचालन गर्न आवश्यक पर्ने भौतिक सामाग्रीहरु समूहको कोषवाट खरीद गरिनेछ । वार्षिक साधारण सभा वर्षमा एक पटक अनिवार्य र आवश्यक भएमा विषेश साधारण सभा बोलाउन सकिने छ । कार्य समितिको वैठक मासिक रुपमा बस्नेछ ।

# परिच्छेद-७
# वनस्रोत सर्भेक्षण तथा वन सिमांकन र नक्सा

## ७.१) वनस्रोत सर्भेक्षण विवरण

## १) रानीबारी सामुदायिक बनको अबस्था तथा स्रोत सर्भेक्षण बिबरण

सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन २०६१ को अनुसूचि ३.३.४ अनुसार सल्लाको र चिलाउनेको पोल स्ट्राटाहरुमा क्रमश स्याम्पलिङ्ग इन्टेन्सिटी ०.५% हुँदा मिति २०७७/०१/१५ म बनको स्रोत सर्भेक्षण गर्दा प्राप्त विवरण तल प्रस्तुत गरिएको छ।

**स्याम्पल प्लटहरुको बिबरण**

| स्ट्राटा | ब्लक | क्षेत्रफल | प्लट संख्या | प्लट साइज | प्लटहरु बिचको दुरी | कैफियत |
|---|---|---|---|---|---|---|
| रुख | २ | ६.९५हे | २ | २०×२० मी$^2$ | | एक ब्लकमा एक स्याम्पल प्लट |

**२) मिश्रित जातका रुख स्ट्राटाको औसत प्लट बिबरणः**

| ब्लक नं | प्रजाति | बिरुवा | लाथ्रा | पोल | | रुख | | गुणस्तर | बार्षिक अनुमान | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | आयतन मी$^3$ | संख्या | आयतन मी$^3$ | | दाउरा | घाँस र सोत्तर |
| १,२ | खरी | २ | १ | १ | ०.०४ | १ | ०.८२ | ॥ | ४०० भारी | ८०० भारी |
| | करिपत्ता | ३ | १ | | | | | | | |
| | चिलाउने | २ | १ | | | | | | | |
| | काउलो | १ | – | | | | | | | |
| | ह्रडेबयर | २ | २ | १ | ०.२६ | | | | | |
| | टाँकी | २ | १ | | | | | | | |
| | मयल | – | | २ | ०.२१ | | | | | |
| | काँइयो | – | | | | १ | ०.९६ | ॥ | | |
| | काँडेसल्ला | – | | | | २ | ३.२८ | । | | |
| | **जम्मा** | **१२** | **६** | **४** | **०.५१** | **४** | **५.०६** | | | |

### ३) प्रति हेक्टर परिमाणात्मक बिबरण

| प्रजाति | बिरुवा संख्या | लाथ्रा संख्या | पोल –आयतन मी$^3$ | | रुख –आयतन मी$^3$ | | बर्षिक अनुमान | |
|---|---|---|---|---|---|---|---|---|
| | | | संख्या | आयतन | संख्या | आयतन | दाउरा | घाँस सोत्तर |
| खरी | १००० | | १०० | ४ | २० | १६.४ | ४०० भारी | ८०० भारी |
| करिपत्ता | ३००० | ४०० | | | | | | |
| चिलाउने | २००० | ४०० | | | | | | |
| काउलो | १००० | | | | | | | |
| ह्रडेबयर | १००० | ४०० | १०० | २६ | | | | |
| टाँकी | २००० | ४०० | | | | | | |
| मयल | | | २०० | २२ | २० | | | |
| काँइयो | | | | | २० | १९.२ | | |
| काँडेसल्ला | | | | | ४० | ६५.६ | | |
| **जम्मा** | **१००००** | **१६००** | **४००** | **५२** | **१००** | **१०१.२** | | |

### ४) प्लट को बिबरण

| व्लक | प्रमुख प्रजाति | क्षेत्रफल -हे.) | प्लट संख्या | प्लट साइज | कैफियत |
|---|---|---|---|---|---|
| १ | काँडेसल्ला, हाडेवयर, बाँस | १.५ | २ | (१०×१०) मी$^2$ | |
| २ | हाडेवयर, चिलाउने , खोटेसल्लो, बाँस | ५ | २ | (१०×१०) मी$^2$ | |

# परिच्छेद–८

# जलवायू परिवर्तन र अनुकूलन

## ८.१) परिचय

जलवायुले कुनै स्थानको हावापानीको वर्षभरीको औसत अवस्थालाई वुझाउँछ । तापक्रम, वर्षा, वायु तथा आद्रतामा देखापर्ने भिन्नता नै जलवायु परिवर्तनको संकेतहरु हुन् । जलवायुमा आउने असामान्य परिवर्तनले विभिन्न जीवजन्तु तथा वनस्पतिका साथै समाजिक विकासमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभावहरु पार्दछ । जस्तै, वनमारा जस्ता अनावश्यक मिचाहा प्रजातिले उपयोगी वनस्पतिहरुलाई विस्थापन गरेको पाइन्छ । तल्लो भेगमा पाईने वनस्पति तथा वन्यजन्तुहरु लेकाली भेगमा पाईन थालेका छन् । लेकाली वनमा पाईने गुराँस चैत्र वैषाखमा फुल्नु पर्नेमा माघ महिनामा नै फूल्न थालेका छन । वासस्थानमा आएको परिवर्तनले वनमा पाईने केही वनस्पति तथा वन्यजन्तुहरु लोप हुने सम्भावना वढेको छ । जलवायु परिवर्तनका नकारात्मक प्रभावहरुलाई न्यूनीकरण गरी वातावरणलाई अनुकुल वनाउन जलवायु परिवर्तनका असरहरुको अध्यन गरी रानीबारी सा.व.उ. समूहमा देहाय अनुसार अनुकूलनका उपायहरुको (Adaptation Measures) कार्यान्वयन गरिनेछ ।

## ८.२) सामुदायिक वन क्षेत्रमा परेका असरहरु

### क) सकारात्मक असरहरु :

यस समूह भित्र धेरै जाडो हुन कम भएको, नयाँ चराचुरुगङ्गी, वनस्पति देखापरेको, फलफूल चाडैं पाक्न थालेको ।

### ख) नकारात्मक असरहरु

तपक्रम वढेकोले सुख्खापन वढेको, वन डढेलोको सम्भावना बढेको सिमसार क्षेत्र लोप भएको अनुकूल वासस्थान नभएकोले रैथाने प्रजाति लोपहुने सम्भावना वढेको ।

## ८.३) नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरु

| सि.नं. | नकारात्मक प्रभाव | न्यूनीकरणका उपाय | **कैफियत** |
|---|---|---|---|
| १ | सुख्खापन बढेको | हरियाली बढाउने | |
| २ | वन डढेलो | जनचेतना अभिबृदी गर्ने | |
| ३ | रैथाने प्रजाति लोप | रैथाने प्रजाति संरक्षण गर्ने | |
| ५ | जलाधारको संरक्षण नभएको | बायो इन्जिनियरिंग पद्धतिबाट जलाधारको संरक्षण गर्नुपर्ने | |

## ८.४) अनुकूलनका उपाय तथा कार्यक्रम (Adaptation Measures)

| अनुकूलनका उपायहरु | कार्यक्रम | | | |
|---|---|---|---|---|
| | के गर्ने ? | कहां गर्ने ? | कहिले गर्ने ? | कसरी गर्ने ? |
| हरियाली विकास | घर घरमा रुख विरुवा लगाउने | निजि जग्गा | असार साउन | जनसहभागिता |
| वनको दीगो व्यवस्थापन | पनरुत्पादन संरक्षण | सा.वनमा | मंसिर पुस | कार्ययोजना अनुसार |
| सौर्य उर्जाको उपयोग | सौर्य बत्ति स्थापना | सा. वनमा | बाह्रै महिना | जनसहभागितामा |
| जनचेतना अभिवृद्दी | अर्न्तकृया | समूहमा | बाह्रै महिना | प्रचार प्रसार गरेर |
| जल संरक्षण | पोखरी निर्माण | व्लक १ | बाह्रै महिना | वर्षाको पानी संचय |

# परिच्छेद-९
# विविध

## ९.१) विधान तथा कार्ययोजना शंसोधन तथा पुनरावलोकन

समूहको विधान तथा वन कार्ययोजनामा समय सापेक्ष सुधारहरु गर्न, समयावधी सकिएपछि पुनरावलोकन गर्न सामुहिक छलफल गर्ने र परिमार्जन गर्नुपर्ने कार्यक्रमहरुको मस्यौदा तयार गरी साधारण सभाबाट निर्णयहरु पारित गर्नुपर्दछ । यसका लागि निष्पक्ष रुपमा सरसल्लाह, समन्वय, तथा सहजिकरण गर्ने, सरकारी वा गैर सरकारी संस्थाहरुको सहयोगमा सामुदायिक वन उपभोक्ता समुहले विधान तथा कार्ययोजना बनाई स्वीकृतिका लागि डिभिजन वन कार्यालयमा पेश गर्नुपर्दछ । कार्ययोजना स्वीकृत भएको मितिले २ वर्ष सम्म शंसोधन तथा हेरफेर गर्न पाईने छैन । यदि शंसोधन गर्नु परेमा वन विभाग तथा क्षेत्रीय वन निर्देशनालयबाट स्वीकृति लिएर मात्र संशोधन गरी कार्यान्वयन गरिनेछ ।

## ९.२) अनुगमन तथा मूल्याँकन सम्वन्धि व्यवस्था

समूहहले कार्ययोजनामा उल्लेख भएका कार्यकमहरुको उपलब्धि, कार्यान्वयन प्रकिया, कार्यान्वयनवाट भएको सिकाई आफैंले अनुगमन गर्नुपर्दछ । समूहले कार्ययोजना कार्यान्वयनको अर्ध वार्षिक र वर्षिक रुपमा स्वअनुगमन तथा मूल्यांकन गर्नेछ । अनुगमन गर्दा समूहको विपन्न, दलित, आदिवासी, जनजाति र महिलाहरुको प्रतिनिधित्व हुनुपर्दछ । डिभिजन वन कार्यालय लगायत अन्य सम्वन्धित निकायहरुद्धारा अनुगमन गर्दा समूहले आवश्यक सूचना तथा तथ्यांकहरु उपलब्ध गराई सहयोग गर्नुपर्दछ । समूहको आवश्यकता अनुसार विभिन्न उद्देश्यले गठन भएका देहायका उप-समितिहरु समिति र समूह प्रति जवाफदेही हुनेछन् । वार्षिक, मध्यावधिक र कर्ययोजनाको म्याद समाप्त हुने वेला गरी जम्मा ३ पटक देहाय वमोजिम कार्ययोजना कार्यन्वयनको मुल्यांकन गरिनेछ ।

- क) वन संरक्षण, व्यवस्थापन तथा सदुपयोग समिति
- ख) वन अपराध व्यवस्थापन समिति
- ग) कार्ययोजना अनुगमन तथा मूल्याङ्कन समिति
- घ) कोष परिचालन तथा ऋण अनुगमन समिति

| सि.न | कार्यक्रम | अनुगमनका सुचकहरु | कसले गर्ने |
|---|---|---|---|
| १ | वन सिमाना निरीक्षण | नापीनक्सा, सर्भेनक्सा, वनको क्षेत्रफल | समूह |
| २ | वन संरक्षण तथा विकास | वनको घनत्व, पुनरुत्पादन, स्रोत सर्भेक्षण विवरण | समिति र समूह |
| ३ | वन व्यवस्थापन | वन संरक्षण, संवर्धन, सदुपयोग कार्यहरुको विवरण | समिति |
| ४ | विपन्नलाई सहयोग | सहयोग कार्यकमको उपलब्धि | समिति र समूह |

| | | | |
|---|---|---|---|
| ५ | सामुदायिक विकास | विकास निर्माण तथा मर्मत कामको विवरण | समिति र समूह |

## ९.३) रुख नाप्ने तथा आयतन निकाल्ने तरिका

(क) खडा रुखको आयतन = π × ब्यास$^{२}$ ×उचाइ × फर्मफयाक्टर/४ (गोलाइ से.मी. र उचाई मी.भए)

(ख) गोलिया काठको आयतन = $\frac{\text{गोलाई×गोलाई×लम्वाई}}{\text{१६}}$ (गोलाई फुटमा र लम्वाई पनि फुटमा भए)

(ग) गोलिया काठको आयतन = $\frac{\text{गोलाई×गोलाई×लम्वाई}}{\text{२३०४}}$ (गोलाई इञ्च र लम्वाई फुट भए)

(घ) चिरानी काठको आयतन = $\frac{\text{चौडाई×मोटाई×लम्वाई}}{\text{१४४}}$ (चौडाई र मोटाइ इञ्च र लम्वाई फुट भए)

## ९.४) वन विभागले तोकेको अन्य विषयहरु

सामुदायिक वन विकास कार्यक्रमकालागि परिमार्जित मार्गनिर्देशन, २०६५ मा सामुदायिक वन र उपभोक्ता समूह सम्वन्धि निम्न प्रावधानहरु रहेका छन् ।

### क) वन स्रोतमा आधारित उधम विकास

स्थानीय आवश्यकता पुरागरी वढी भएको वनपैदावार व्यापारिक प्रयोगमा ल्याई समूहमा आम्दानी तथा रोजगारीका अवसरहरु सिर्जन गर्न सकिन्छ । यसका लागि स्रोतको अवस्था हेरी वनपैदावारमा आधारित उधोग स्थापना गर्न आवश्यक अध्ययन पश्चात लाभांशको वितरण सहित व्यापारिक योजनाको (Business Plan) तयारी गरी सम्वन्धित निकायवाट स्वीकृति लिई उधोग संचालन गर्न सकिन्छ । समुहले आफनो सामुदायिक वनको वनपैदावारहरु आफैंले संकलनगरी विकीवितरण गर्नुपर्दछ । उपभोक्ताको आवश्यकता पुराभएपछि मात्र वढी भएको वनपैदावार समूहको निर्णय अनुसार वाहिर विकी वितरण गर्न सकिन्छ । यसरी विकी गर्दा सोही जिल्लाका टाढाका उपभोक्तालाई प्रथमिकता दिईनेछ ।

### ख) वार्षिक योजना तर्जुमा गर्ने कार्यविधि

**समान आवश्यकता र चाहना भएका उपभोक्ताहरुको समूह छलफल:** हरेक टोलका आवश्यकताहरु र चाहनाहरु फरक हुन सक्दछन् । फरक विचारहरु ठूलो समूहमा छलफल नहुन पनि सक्छ वा छुट्न पनि सक्छ । छलफलमा समान सहभागिता बढाउन, आ-आफ्ना सरोकारका विषयमा स्पष्ट छलफल गर्न समान आवश्यकता र चाहना भएका जस्तै महिला तथा विपन्न वर्गका उपभोक्ताहरुको टोल वा उपसमुहको भेलामा छलफल गर्नुपर्दछ । साधारण सभाले आम सहमतिमा निर्णय पारित गर्नुपर्दछ ।

**साधारण सभाको आयोजनाः** वन उपभोक्ता समूहले टोल मिटिङ्ग, उपसमूह छलफल, समूह भेलामा व्यापक छलफल गरी निष्कर्षमा आएका सामूदायिक वन विकास कार्यक्रमहरुको मस्यौदा तयार पारी अन्तिम निर्णका लागि साधारण भेला बोलाई अनुमोदन गर्नुपर्दछ । साधारण सभाको कार्यक्रम निर्धारण गरी साधारण सभा गरिने स्थान, समय र मिति अग्रिम जानकारी गराई आम सहमतिका आधारमा निर्णय गरिनु पर्दछ ।

## ९.५) सामुदायिक वन सम्वन्धि वन ऐन, नियममा भएको व्यवस्था

वन ऐन, २०७६ तथा वन नियमावली, २०५१ र सामुदायिक वन निर्देशिकासंग स्वीकृत कार्ययोजनाको कुनै बुंदा बाँझिएमा बांझिएको हदसम्म स्वत खारेज हुनेछ । साथै, वन ऐन तथा नियमावलीले बन्देज गरेका कार्यहरु उल्लेख भएको भए स्वत खारेज हुनेछ ।

**वन ऐन नियमको पालना गर्नुपर्ने**

१) सामुदायिक वनको निर्देशिका अनुसार सामुदायिक वनको वन पैदावार पहिलो प्राथमिकता उपभोक्ताहरुलाई दिईनु पर्ने र उपभोक्तालाई बढीभएमा मात्र जिल्लाको खपत लाई दोश्रो प्राथमिकता दीई बाँकि रहेकोलाई मात्र जिल्ला बाहिर विक्रि गर्नु पर्नेछ ।

२) वन ऐन २०४९ (शंसोधन) को दफा २७ को उपादफा २ को (१) र (२) बमोजिम समूहले समुदायको हितको नाममा ऐन कानून तथा नियमावली र वन कार्ययोजना विपरीत काम गरेको भन्ने लिखित उजुरी पर्न आएमा वा त्यस्तो काम गरेमा यस ऐन बमोजिम कारबाहि गर्न बाधा हुनेछैन ।

३) वन सम्वर्द्धन कार्य गर्दा प्राप्त भएका काठ समूह वाहिर विक्रि गर्न पर्ने भएमा प्रचलित नियम कानून अनुसार हुनेछ ।

४) सामुदायिक वनमा निषेध गरिएका कार्यहरु

क) वन क्षेत्रको जग्गा फाँड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यस्तो जग्गामा घर छाप्रो बनाउन ।

ख) आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गर्न ।

ग) वन कार्ययोजना विपरीत सामुदायिक वन क्षेत्रबाट वन पैदावार हटाउन ओसार-पसार गर्न वा विक्री वितरण गर्न ।

घ) वन कार्ययोजना अनुरुप इजाजत प्राप्त गरी रुख काट्दा, ढाल्दा, घिसार्दा वा वन क्षेत्र बाहिर लैजाँदा लापरवाहीसंग अन्य कुनै वन पैदावार नोक्सानी गर्न ।

ङ) चट्टान, माटो, ढुंगा, वालुवा आदि निकाल्न वा ओसार-पसार गर्न ।

च) वन सिमानाको चिन्ह उखेल्न, सार्न, फेर्न, मेटन वा विगार्न ।

छ) टाँचा वा निशाना किर्ते गर्न वा काठ वा खडा रुखमा लगाइएका समूहको टाँचा वा निशाना फेर्न, विगार्न वा मेटन ।

ज) प्रचलित कानून विपरित वन्यजन्तु पक्रन मार्न वा शिकार खेल्न ।

झ) वन कार्यालयबाट प्रमाणित नगराइएको पूर्जी, टाँचा प्रयोग गर्न ।

ञ) प्रचलित ऐन र कानूनले वन्देज गरेको अन्य कार्यहरु गर्न ।

ट) अन्यः सामुदायिक वनको विधान र कार्ययेजना एवं प्रचलित ऐन, नियम, नीति निर्देशनहरु विपरित सामुदायिक वन भित्र मनोरञ्जन पार्क, चिडियाखाना, विद्यालय, चिहानघाट, मन्दिर तथा धामहरु, पिकनिक स्थल र रेष्टुरेन्ट जस्ता स्थायी प्रकृतिका संरचनाहरुको निर्माण गरिने छैन ।

५) वन ऐन, २०७६ को दफा १८ (१७) मा उपभोक्ता समुहले डिभिजन वन कार्यालयवाट स्वीकृत कार्ययोजनाले निदिष्ट गरेको वन उधम तथा तोकिए वमोजिमको पर्यापर्यटन कार्यक्रम संचालन गर्न सकिने छ । उपभोक्ता समुहले पर्यापर्यटन विकासका लागि तोकिएको वन क्षेत्र प्रयोग गर्न सक्ने छ । सोही ऐनको दफा दफा १८ (९) उपभोक्ता समुहले सामुदायिक वनको विकास, संरक्षण तथा उपयोग गरी आय आर्जनका लागि गरिवीको रेखा मुनीका उपभोक्तालाई सामुदायिक वनको कुनै भाग तोकिए वमोजिम सम्झौता गरि दिन सक्ने छ ।

## ९.६) सामुदायिक वन सम्वन्धि निर्देशिकामा भएको व्यवस्था

क) सामुदायिक वन कार्ययोजना तयार गर्दा काठ मौज्दात (Growing Stock), बार्षिक बृद्धिदर (MAI) अनिवार्य रुपले समावेश हुनुपर्ने र वनको सम्पूर्ण स्रोत सर्भेक्षण (Forest Inventory) गरी कार्ययोजनामा उल्लेख गर्नुपर्ने छ ।

ख) बनमा रहेका सुखड ढलापडा रुख दाउराको लगत उपभोक्ता समितिले सम्वन्धित डिभिजन वन कार्यालयमा पेश गरी लगत प्रमाणित गराउनु पर्ने ।

ग) कार्ययोजना अनुसार सामुदायिक वनबाट उत्पादित वनपैदावारको उपयोग समूह भित्र नै गर्ने । समूहलाई बढी भई वाहिर विक्री गर्नुपर्ने भएमा डिभिजन वन कार्यालयको सहमति लिएर प्रचालित नियम कानुन बमोजिम विक्री वितरण गर्ने ।

घ) वन कार्ययोजना लागु भएको कम्तीमा २ दुई बर्ष सम्म संसोधन गर्न पाईने छैन, सो अवधि भित्र नै कार्ययोजनाको पूनरावलोकन गर्नु पर्ने भएमा सम्वन्धित डिभिजन वन अधिकृतको सिफरिसमा क्षेत्रिय वन निर्देशनालय वा विभागको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्ने छ ।

ड) उपभोक्ता समूहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण तथा सामुदायिक वनको स्थिती समेत खुलाई आफ्नो कृयाकलापको वार्षिक प्रतिवेदन डिभिजन वन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

च) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिबेदनको आधारमा जिल्ला वन कार्यालयले सम्वन्धित उपभोक्ता समूहहरुलाई आवश्यक सुझाव दिन सक्नेछ ।

छ) वन नियमावली २०५१ को नियम ३६ को उप नियम (२) अनुसार उपभोक्ता समूहको आयव्ययको वार्षिक लेखा परीक्षण समूहले तोकेको ब्यक्ति वा निकायबाट गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । लेखापरीक्षण प्रतिबेदनको एक प्रति समूहले सम्वन्धित डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ । उपनियम (४) अनुसार अधिकार प्राप्त अधिकारीले समय समयमा उपभोक्ता समूहले राखेको आम्दानी र खर्चको विवरण जाँचबुझ गर्न सक्नेछ ।

## ज) सामुदायिक वनमा पर्यापर्यटनसम्बन्धी व्यवस्था

सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कायविधि, २०७५ मा उल्लेख भए वमोजिम समुहले पर्यापर्यटन क्रियाकलाप आफै वा निजी क्षेत्र, सहकारी, स्थानीय तहको साझेदारी र सहकार्यम गर्न सक्ने छ । पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न चाहने समुहले अनसुची १ बमोजिमका पर्यापर्यटनसम्बन्धी विषयहरूमध्ये आफुले गर्न चहेको विषय साधारण सभाबाट निणय गराई कार्य योजनामा समावेश गर्न सम्बन्धित डिभिजन वन कायालयवाट स्वीकृति प्राप्त गर्नुपर्ने छ । समुह आफैले पर्यापर्यटन व्यवसाय सञ्चालन गर्ने भएमा कार्ययोजनामा भएको व्यवस्था बमाजिम प्रस्ताव तयार गरी साधारण सभाबाट अनुमोदन गराइ डिभिजनल वन अधिकृतको स्वीकृति लिनुपर्नेछ । समूह, निजी क्षेत्रको साझेदारी वा सहकार्यमा पर्यापर्यटन व्यवसाय सञ्चालर्न गर्ने भएमा दफा ८ बमोजिम आशयपत्र र प्रस्ताव आव्हान, मूल्याङ्कन, संचालक छनौट तथा करार गरी कार्ययोजनामा समावेश गर्न डिभिजनल वन अधिकृतको स्वीकृति लिनुपर्ने छ ।

यस रानीबारी सामुदायिक बन क्षेत्रको प्राकृतिक अबस्थामा ह्रास नआउने गरि ब्यबस्थापन गर्नु उपभोक्ता समूहको मुख्य उदेश्य रहेकोले भौतिक निर्माण कार्यहरु गर्दा बन तथा बाताबरणमा प्रतिकुल असर नपर्ने गरि कार्य सन्चालन गरिने छ ।

यस बन भित्र बन क्षेत्र वरिपरी रहेको बन पदमार्गमा बिहानको समयमा स्वास्थलाभको लागि हिँडडुल गर्न स्थानिय बासिन्दाहरु लाई उपयुक्त अबसर प्राप्त भएकोछ, यहा प्रती बिहान करिब दुई सय ब्यक्तीहरु हिँडडुल गर्न आउने गर्द छन । दिनको समयमा करिब पचास ब्यक्तीहरु बनमा घुमफिर गर्न आउने गर्द छन । बन प्रबेषमा बिहान ८.०० बजे पश्चात प्रती ब्यक्ती रु १० प्रबेश शुल्क लिने गरिएको छ , मन्दीरमा पुजा गर्न आउने हरु बाट प्रबेष शुल्क लिइदैन ।